" सुशासन, कृषि, शिक्षा, पर्यटन र पूर्वाधारः डुङ्गेश्वर समृद्धिको मूल आधार "

# डुङ्गेश्वर गाउँपालिका

**डाँडापराजुल, दैलेख**

**कर्णाली प्रदेश,नेपाल**

# नीति तथा कार्यक्रम

# आर्थिक वर्षः २०७९।०८०

डुङ्गेश्वर गाउँपालिका अध्यक्ष **श्री सुन्दर कुमार के.सी.** ज्यू द्वारा गाउँपालिकाको ११ औं गाउँ सभामा प्रस्तुत नीति तथा कार्यक्रम

२०७९ असार १० गते शुक्रबार

**प्रमुख अतिथि ज्यू,**

**विशेष अतिथि ज्यू,**

**अतिथि ज्यूहरु,**

**गाउँ सभाका सदस्य ज्यूहरु,**

**राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,**

**सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,**

**विद्यालयका प्रधानाध्यापक ज्यूहरु,**

**सम्पूर्ण कर्मचारीहरु ज्यूहरु,**

**सुरक्षाकर्मी -**

**पत्रकार मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ,**

डुङ्गेश्वर गाउँपालिकाको ११ औं गाउँ सभामा गाउँपालिकाको समग्र विकास तथा समृद्धिका लागि मार्गदर्शनको रुपमा रहने बार्षिक नीति तथा कार्यक्रम सभा अध्यक्षको हैसियतले प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । डुङ्गेश्वर गाउँपालिकाको गाउँ सभामा आफ्नो व्यस्तताका बाबजुत पनि सहभागी भई सभामा सल्लाह, सुझाव तथा हौसला प्रदान गर्न पाल्नुभएका सम्पूर्ण महानुभावहरुलाई डुङ्गेश्वर गाउँपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा आभार प्रकट गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, विभिन्न राजनैतिक परिवर्तन र सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । यस क्रममा बेपत्ता, अपाङ्गता, घाईते तथा आन्दोलनमा स्वाभिमान पूर्वक सहभागी भई योगदान पुऱ्याउनु हुने व्यक्तिहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संविधान जारी भएपछि दोस्रो पटक नेपालका सबै स्थानीय तह जस्तै यस गाउँपालिकामा पनि निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतन्त्रलाई जगैदेखि बलियो बनाएको छ । स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउने निर्वाचन आयोग, सहयोग पुऱ्याउने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा यस प्रक्रियामा संलग्न राजनीतिक दल, संघ संस्था र आम नागरिकहरु सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

**<u>गाउँ सभा सदस्य ज्यूहरु,</u>**

संविधानको कार्यान्वयन गरी विभिन्न राजनैतिक परिवर्तनहरुलाई संस्थागत गर्दै जनताका आवश्यकता तथा चाहानाहरुलाई सम्बोधन गरी अघि बढ्नुपर्ने तथा डुङ्गेश्वरबासी जनताको समृद्धिको सपना साकार पार्नका लागि सक्दो प्रयत्न गर्ने कुरामा म सबैलाई विश्वस्त पार्न चाहान्छु । विकास र सुशासन अभिबृद्धि गर्दै जनतालाई पुऱ्याउनु पर्ने कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा तथा सुविधाहरुको प्रत्याभूति दिन हाम्रो महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि सरकारी, गैरसरकारी, सामुदायिक तथा निजि क्षेत्रहरुसँग साझेदारी र सहकार्य गर्ने नीति लिइनेछ । शान्ति, सुरक्षा, रोजगारी अभिबृद्धि, सामाजिक सुरक्षा र मानव संसाधनको क्षमता विकासमा सहयोगी भूमिका निर्वाह गर्दै स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवाहरुलाई समावेशी, व्यवसायिक,

सेवामुखी र स्वावलम्वी बनाउदै स्थानीय सरकारको सुशासनको संस्थागत विकासमा हामी प्रतिवद्ध छौं ।

**"सुशासन, कृषि, शिक्षा, पर्यटन र पूर्वाधारः डुङ्गेश्वर समृद्धिको मूल आधार"** भन्ने मूल नारालाई आत्मसात गर्दै संविधानको मर्म र भावना अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनका पक्षमा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त अनुरुप डुङ्गेश्वर गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, दिगो विकास र समृद्धिको लागि यस नीति तथा कार्यक्रमले दिशा निर्देश गर्नेछ ।

**<u>गाउँ सभा सदस्य ज्यूहरु</u>**

**अब म आगामी आ.व. २०७९।०८० को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछुः**

**<u>परिकल्पनाः</u>**

- उपलब्ध स्रोत तथा साधनहरुको प्रभावकारी परिचालन मार्फत समृद्ध डुङ्गेश्वर गाउँपालिका निर्माण गर्ने ।

**<u>लक्ष्यः</u>**

- सुशासन, कृषि, पूर्वाधार, पर्यटन, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा प्रभावकारी कार्यक्रमहरु सन्चालन गरी सामाजिक, आर्थिक, सांस्कृतिक रुपान्तरणको माध्यमबाट नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने ।

**<u>उद्धेश्यः</u>**

१. सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक पूर्वाधार तथा पर्यावरणीय विकासका क्षेत्रहरुमा क्षेत्रगत योजना निर्माण गरी नागरिकहरुलाई स्वरोजगार एवं आत्मनिर्भर बनाउने ।
२. व्यवसायिक कृषि तथा पशुपालनका लागि कृषकहरुलाई प्रोत्साहन गर्न कृषकमैत्री कार्यक्रमहरु संचालन गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन कार्यमा जोड दिने ।
३. गाउँपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय क्षेत्रहरुको विकास, संरक्षण र प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने ।
४. उपलब्ध स्रोत तथा साधनहरुको प्रभावकारी परिचालन मार्फत प्राथमिकताका आधारका लगानी, आर्थिक अनुशासन, नविनतम प्रविधिहरुको प्रयोग भ्रष्टाचार न्यूनिकरण र प्रशासनिक सुधार गरी सुशासन कायम गर्ने ।

**<u>अपेक्षित उपलब्धिः</u>**

- गाउँपालिकाले अवलम्वन गरेको नीति, कार्यक्रम एवं क्षेत्रगत योजनाको माध्यमबाट उक्त क्षेत्रमा क्रमशः सुधार आई गाउँपालिकाबासीहरुको जीवनस्तरमा सुधार आएको हुनेछ ।

**यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयहरुलाई आधार लिएको छुः**

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. डुङ्गेश्वर गाउँपालिकाको आवधिक योजना
४. संघीय र प्रदेश सरकारले अवलम्बन गरेका नीतिहरु
५. गाउँपालिकालाई प्राप्त रकम
६. आन्तरिक आय

७. दिगो विकासका लक्ष्य

८. निर्वाचनको समयमा गरिएको घोषणा तथा प्रतिबद्धताहरु

९. गाउँपालिकाको संस्थागत क्षमता

१०. सरोकारवाला निकाय एवं व्यक्तिहरुबाट प्राप्त सुझावहरु

**गाउँसभा सदस्य ज्यूहरुः**

डुङ्गेश्वर गाउँपालिकाले तय गरेको परिकल्पना,लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धिहरु हाँसिल गर्न आगामी आर्थिक वर्ष २०७९/०८० का लागि निम्नानुसारका नीति तथा कार्यक्रमहरु अवलम्वन गरिनेछः

१. डुङ्गेश्वर गाउँपालिकाले निर्माण गरेको आवधिक (पञ्च वर्षिय) योजना तथा रणनीतिक योजनाहरुलाई आत्मसात गर्दै केही योजनाहरुलाई आ.व. २०७९।०८० मा समावेश गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. कुइयाँताल पर्यटकीय क्षेत्र निर्माण आयोजना, रकचना खानेपानी आयोजना, सुरक्षित नागरिक आवास कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम तथा अध्यक्ष कोषलाई वस्तुनिष्ठ बनाइ निरन्तरता दिइनेछ ।

३. संघीय सरकार र डुङ्गेश्वर गाउँपालिका बीचको लागत सहभागितामा सम्पन हुने बहुवर्षिय आयोजनाको रुपमा रहेको प्रशासकीय भवन निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरी सोही स्थानबाट सेवा प्रवाह गरिनेछ ।साथै १० शैयाको अस्पताल निर्माणका लागि विस्तृत सम्भाव्यता अध्ययन (DPR) सम्पन्न भएकोले बहुवर्षिय बोलपत्र आह्वान गरी यस आर्थिक वर्षदेखि भवन निर्माण कार्य सूचारु गरिनेछ ।

४. संघ,प्रदेश र स्थानीय तह बीचको लागत सहभागितामा सम्पन्न हुने डुङ्गेश्वर बजारदेखि गाउँपालिका भवन सम्मको ८ कि.मि. सडक कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ ।

५. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई कृषि, पूर्वाधार विकास,वन तथा वातावरण संरक्षण जस्ता क्षेत्रहरुसँग जोडदै आयआर्जन तथा रोजगारीका कार्यक्रम संचालन गरिनेछ ।

६. डुङ्गेश्वर गाउँपालिका भित्रका ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय एवं पुरातात्विक सम्पदाहरुको पहिचान गरी ती सम्पदाहरुको संरक्षण र सम्वर्द्धनमा जोड दिइनेछ ।

७. गाउँपालिका स्तरीय प्रकोप / विपद व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाइनेछ।

८. ५५ वर्ष भन्दा माथिका एकल पुरुष र सम्बन्ध विच्छेद भएका तथा ४५ वर्षमाथिका एकल महिलालाई दोहोरो नपर्ने गरी मासिक रुपमा एकल भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. आशा परियोजना, हेल्भेटास नेपाल, SNV नेपाल, UNDP, महिला सशक्तिकरण मञ्च, नेपाल रेडक्रस, स्काउट, परोपकार संस्था लगायतका अन्य संघ संस्थाहरुसँगको समन्वय तथा साझेदारीतामा विभिन्न योजनाहरु छनौट गरी कार्यान्वयन गरिनेछ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुलाई एकद्धार प्रणालीबाट कार्यक्रम संचालन गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

१०. गाउँपालिकाद्वारा सम्पन्न गरिने कामको लागि आवश्यक नीतिगत संरचना (ऐन, नियम, नियमावली, कार्यविधि, मापदण्ड) निर्माण तथा विद्यमान नीतिहरुमा आवश्यकता अनुसार संघीय सरकार र प्रदेश सरकारले निर्माण गरेका कानूनहरुसँग नबाझिने गरी समयानुकूल परिमार्जन तथा संशोधन गरिनेछ ।

११. गाउँपालिका लगायत मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरुलाई छिटो छरितो, सरल, चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाउनको लागि संस्थागत संरचना सर्वेक्षण अनुसार आवश्यक स्रोत साधनहरुको प्रवन्ध, नागरिक सहायता कक्ष, स्तनपान कक्ष, सेवाग्राही प्रतिक्षालयको स्थापना, घुम्ती सेवा संचालन, नविनतम प्रविधिहरुको प्रयोग र विद्युतिय शासन जस्ता कार्यहरुमा जोड दिइनेछ ।साथै योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन एवं मूल्याङ्कन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१२. नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत सेवा विस्तार एवं स्तरोउन्नती गर्नुका साथै साना तथा मझौला जलविद्युत र वैकल्पिक उर्जाको सम्भाव्यता अध्ययन गरी उज्यालो डुङ्गेश्वर अभियानलाई निरन्तरता दिइनेछ ।

१३. एफ.एम. संचालनका लागि अध्ययन गरी संघीय सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ ।

१४. गाउँपालिकाको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन वडा नं. २ र ३ मा अस्थायी प्रहरी चौकी स्थापना गर्न पहल गर्नुका साथै यस पालिकामा रहेका प्रहरी चौकीहरुको पूर्वाधार निर्माणका लागि आवश्यक प्रक्रियाहरु प्रारम्भ गरिनेछ ।तथा गाउँ प्रहरीको व्यवस्थापनका लागि आवश्यक कानूनी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

१५. गाउँपालिकाका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी र मितव्ययी बनाउन आवश्यक तालिम, गोष्ठी तथा अनुशिक्षणका कार्यक्रम संचालन गरिनेछ । कार्यालयहरुमा कार्यरत कर्मचारीलाई कार्य सम्पादनका आधारमा अतिरिक्त सेवा सुविधाका लागि नीति बनाई कार्यान्वयन गरिनेछ ।

१६. संघीय सरकारको शसर्त अनुदानमा कार्यरत करार कर्मचारी तथा गाउँपालिकाका करार कर्मचारीहरुको सेवा सुविधामा यथोचित सम्बोधन गरिनेछ ।

१७. सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ साथै जवाफदेहिता, उत्तरदायित्व बहन र पारदर्शिताका लागि सार्वजनिक सुनुवाई, समीक्षा गोष्ठी तथा जनतासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. लक्षितवर्ग कार्यक्रमलाई उत्पादनसँग जोडि थप प्रभावकारी बनाइनेछ ।गरिबसँग विश्वेश्वर कार्यक्रमलाई उत्पादनमूखि क्षेत्रमा लगानी गरिनेछ ।

१९. लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशीलता प्रवर्द्धन गर्नुका साथै लघु, साना, मझौला उद्योगहरुको स्थापना र विकास गर्न निजि तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको ज्ञान, सिप र पुँजीको सदुपयोग गर्न सो सम्बन्धी कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

२०. वडा तहबाट छनौट भईआएका योजनाहरुमध्ये पालिकाको स्रोतले सम्पन्न गर्न नसिकने योजनाहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयनको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी रातो किताबमा समावेश गरिनेछ ।

२१. पालिका भित्र रहेका स्लेट (पथ्थर), लगायत अन्य खनिज पदार्थहरुको खानीलाई व्यवस्थित गरिनेछ ।

२२. स्थानीय सरकारको एकल कर अधिकार अन्तर्गत रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन

कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, सेवा शुल्क, दण्ड जरिवाना जस्ता कर तथा गैर करहरुको दायरा विस्तार गर्ने नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ ।

२३. "राजश्व सुधार कार्य योजना", "क्षमता विकास योजना", "सडक गुरु योजना" "शिक्षा योजना" तथा आवधिक योजनामा आवश्यकताका आधारमा संशोधन गरिनेछ ।

२४. डुङ्गेश्वर गाउँपालिकाका नागरिकहरुलाई लाभ पुऱ्याउने उद्देश्य लिई कुनै निजी, सरकारी र गैर सरकारी संघ संस्थाहरु लगानी गर्न इच्छुक देखिएमा समन्वय गरी लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।

२५. डुङ्गेश्वर गाउँपालिका तथा मातहतका कार्यालय परिसरभित्र बहुउद्देश्यीय हल तथा चमेनागृह निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२६. एक पालिका एक ग्रामिण क्षेत्र स्थापना गरिनेछ ।

२७. खरमुक्त कार्यक्रमलाई निरन्तरता दिईदै लगिनेछ ।

**<u>गाउँ सभा सदस्य ज्यूहरुः</u>**

अब म क्षेत्रगत रुपमा लिइएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छुः

❖ **<u>शिक्षा तर्फः</u>**

१. भुगोल, जनसंख्या, आवश्यकता तथा प्रचलित मापदण्डका आधारमा विद्यालयहरुको नक्साङ्कन, समायोजन तथा शिक्षा ऐन, नियमावली र आवश्यकताका आधारमा शिक्षकहरुको दरवन्दी मिलान गरिनेछ साथै सबैभन्दा योग्य र क्षमतावान व्यक्तिहरुलाई शिक्षण पेसामा आकर्षित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तयार पारिनेछ ।

२. आवश्यकताको प्राथमिकीकरणका आधारमा विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, सुधार तथा मर्मत गरिनेछ । विद्यालयहरुको भौतिक संरचना निर्माण गर्दा तथा सेवा प्रदान गर्दा बालमैत्री, अपाङ्गतामैत्री, प्रविधिमैत्री, वातावरणमैत्री र दिगो विकासका सिद्धान्तहरुलाई अवलम्वन गरिनेछ । साथै सामुदायिक विद्यालयहरुमा घेराबारको व्यवस्था गरी अनिवार्य हरित विद्यालय वातावरण निर्माणका लागि वृक्षारोपण गर्ने कार्यमा जोड दिइनेछ ।

३. नेपाल सरकारको अनुदानबाट विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, कार्यालय सहयोगी, लेखा सहायक, तथा पालिका अनुदानमा कार्यरत बालविकास स.का. र विद्यालय कर्मचारीहरुको नेपाल सरकारद्वारा निर्धारित मापदण्ड तथा श्रम ऐनले तोकेको न्यूनतम मापदण्डमा नघट्ने गरी पारिश्रमिकको व्यवस्था गरिनेछ ।

४. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुका लागि गणित, अंग्रेजी र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ । सार्वजनिक शिक्षाबाट वञ्चितिमा परेका अति विपन्न, गरिव तथा अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गरी शिक्षामा पहुँच वृद्धि गर्न र सिकाइमा निरन्तरता दिनका लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

५. सामुदायिक विद्यालयहरुको सिकाइ वातावरणलाई प्रविधिमैत्री बनाउदै सिकाइलाई दिगो बनाउनका लागि विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका सामग्रीहरु क्रमश व्यवस्थापन गर्दै लगिनेछ । विद्यालय शिक्षाको हरेक तथ्याङ्कहरुलाई व्यवस्थित, भरपर्दो, विश्वसनीय, पहुँचयोग्य बनाउन आवश्यक प्रबन्ध गरी विद्यालयलाई जवाफदेही र जिम्मेवार बनाइनेछ ।

६. सामुदायिक विद्यालयहरुमा कार्यरत शैक्षिक जनशक्तिहरुको क्षमता विकास गर्नका लागि आवश्यकता र मागमा आधारित तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै शिक्षकहरुको पेशागत विकास तथा सहयोगका लागि शिक्षक सिकाइ समूह (TLG)को बैठक सञ्चालन तथा विज्ञसमूहलाई परिचालन गरिनेछ ।

७. विद्यालय शिक्षालाई प्रभावकारी बनाउन प्रत्येक विद्यालयहरुमा अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा अन्तरक्रिया गर्ने कार्यलाई नियमित बनाइनेछ ।

८. बालबालिकाहरुको पोषण स्तरमा सुधार र नियमितता बढाउन सामुदायिक विद्यालयहरुमा बालविकास कक्षा देखि कक्षा ६ सम्मका बालबालिकाहरुलाई प्रदान गरिने दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यवस्तुहरुको प्रयोगमा जोड दिइनेछ । पालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा स्वच्छ र स्वस्थ खाजा व्यवस्थापनका लागि चमेनागृहको स्थापना गर्न पहल गरिनेछ ।

९. उत्कृष्ट शैक्षिक व्यवस्थापन र गुणस्तर भएका विद्यालयहरुको शैक्षिक अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरी ती विद्यालयहरुमा भएका राम्रा अभ्यासहरुको अनुकरण गर्ने वातावरण तयार गरिनेछ साथै उत्कृष्ट विद्यार्थी, विद्यालय कर्मचारी, शिक्षक, प्र.अ. तथा विद्यालयहरुलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन, पुरस्कार प्रणालीको व्यवस्था गरी उनीहरुलाई उत्प्रेरित, जवोफदेही र जिम्मेवार बनाइनेछ ।

१०. सबै सामुदायिक विद्यालयहरुमा शिक्षा ऐन तथा नियमावलीले तोकेको मापदण्डका आधारमा प्रधानाध्यापक व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुधारमा प्रतिवद्ध र जिम्मेवार बनाइनेछ । साथै विद्यालयका प्रधानाध्यापकहरुका लागि पालिकास्तरीय प्र.अ.बैठकमा सहभागी भए बापत बैठक भत्ताको व्यवस्था गरिनेछ ।

११. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा व्यवस्था भएबमोजिम आवश्यकता र विद्यमान अवस्थाका आधारमा कक्षा ४ देखि कक्षा ८ सम्म क्रमश स्थानीय पाठ्यक्रम निर्माण गरी त्यसको कार्यान्वयन गरिनेछ । विद्यालयहरुमा नतिजामूलक तथा निर्माणात्मक शैक्षिक मूल्याङ्कन प्रणाली अवलम्बन गरी आधारभूत तहको अन्तमा लिइने आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन तथा प्रमाणीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१२. विद्यालयहरुको समग्र पक्षको सुधारका लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार बोध गराई विद्यालयप्रति प्रतिवद्ध बनाइनेछ, साथै विद्यालयमा विद्यार्थी झिकाउने, सिकाउने, टिकाउने र विकाउने वातावरण सिर्जना गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । विद्यार्थीहरुको क्षमता विकास, अन्तरनिहित

प्रतिभाहरुको प्रष्फूटन तथा उत्प्रेरणा र प्रतिस्प्रर्धाको भावना विकास गर्ने विद्यालयस्तरीय तथा अन्तरविद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१३. पालिकाभित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको स्तरोन्नति गर्दै ती केन्द्रहरु मार्फत जनचेतनामूलक तथा आयआर्जनमूलक कार्यक्रमहरु, प्रौढ साक्षरता , अभिभावक शिक्षा तथा साक्षरता शिक्षा सम्वन्धि कार्यक्रमहरु सञ्चालन गरी सामुदायिक सिकाइ केन्द्रहरुलाई थप जिम्मेवार बनाई सिकाइ केन्द्रलाई सूचनाको स्रोतको रुपमा विकास गरिनेछ ।

१४. प्राविधिक शिक्षाका लागि अनुदानको व्यवस्था साथै आजको आवश्यकता भन्ने कुरालाई मध्यनजर राख्दै पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गरी शिक्षालाई सिप र रोजगारीसँग आबद्ध गरिनेछ । सीता जनसहयोग माध्यमिक विद्यालय अवलपराजुलमा कृषि प्राविधिक भवनको तला थप गरिनेछ । उच्च प्राविधिक शिक्षा अध्ययनका लागि प्रत्येक वर्ष गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१५. पालिकामा रहेको कोटदेवल क्याम्पसलाई अनुदानको व्यवस्था तथा सुदृढीकरण लागि पहल गरिनेछ । **साथै** पालिकाभित्रका विद्यालयहरुमध्ये कुनै एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिनेछ ।

❖ **<u>युवा तथा खेलकुद तर्फः</u>**

१. लघु लद्यम, वहुक्षेत्रीय पोषण र गरिवसँग विश्वेश्वर कार्यक्रमसँग समन्वय गरी युवा उद्यमशीलताका लागि तालिम, व्यावसायिक तथा सीपमूलक शिक्षा प्रदान गरी स्वदेशमै रोजगारीका अवसर सृजना गर्ने कार्यको थालनी गरिनेछ । सबै वडामा युवा क्लब गठन गरी युवा सशक्तीकरणमा जोड दिनुका साथै युवाहरुको शारिरिक तथा मानसिक विकासका लागि आवश्यक खेलकुद तथा मनोरञ्जनको साधनको व्यवस्था र सोका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

२. पालिकास्तरीय खेलकुद विकास समितिलाई थप जिम्मेवार बनाई पालिकास्तरमा कम्तिमा पनि वर्षको एकपटक अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

❖ **<u>पूर्वाधार विकास तर्फः</u>**

१. गाउँपालिका भित्र सडक नपुगेका वडाहरुमा सडक विस्तार गरी सडक सञ्जालमा आवद्ध गर्नुका साथै प्रत्येक वडाहरुबाट पालिका जोड्ने सडकहरुलाई प्राथमिकतामा राखि स्तरोन्नति गरिनेछ । गाउँपालिका र प्रदेश सरकारको समन्वयमा कल्सेढुङ्गा बाले सडक निर्माण तथा मटेला पाङ्गकोट सडक स्तरोन्नति गरिनेछ ।

२. डुङ्गेश्वर गाउँपालिका भित्र निर्माण भएका र निर्माणाधिन खानेपानी तथा सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । गाउँपालिका भित्रका वस्तिहरुमा सहज रुपमा खानेपानीको पहुँच पुऱ्याउनको लागि "एक घर एक धारा" कार्यक्रमलाई निरन्तरता दिनुका साथै खानेपानीको गुणस्तर परीक्षण गर्नको लागि पालिका स्तरीय ल्याबको स्थापना तथा संचालन गरिनेछ ।वडा नं. २ मा सञ्चालित पाल्त कुडौर चौर र तल्लो हिल्या घतडा झाड सिर्सेनी खानेपानी आयोजना लाई यसै वर्ष सम्पन्न गर्न

प्रदेश सरकारसँग आवश्यक साझेदारी गरनेछ ।

३. भवन आचारसंहिताका आधारमा घर नक्सा पास गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

४. डुङ्गेश्वर गाउँपालिका भित्र संचालन तथा निर्माण गरिने पुर्वाधारका कामहरुलाई दिगो विकास तथा वातावरणमैत्री बनाईदै लगिनेछ ।

❖ **स्वास्थ्य विकास तर्फः**

१. आवश्यकताका आधारमा सामुदायिक स्वास्थ्य इकाइहरुलाई थपघट तथा आधारभूत स्वास्थ्य केन्द्रमा स्तरोन्नती गरी आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ। कर्णाली प्रदेश सरकारसँगको साझेदारीमा स्वास्थ्य चौकी बेलपाटामा ट्रस निर्माण गरिनेछ ।

२. प्रत्येक नागरिकको अनिवार्य स्वास्थ्य बिमा गर्ने कार्यमा जेष्ठ नागरिक, विपन्न दलित र अपाङ्गता (ख र ग) भएका व्यक्तिहरुको स्वास्थ्य बिमा निःशुल्क गरिनेछ ।

३. एम्बुलेन्स खरिद गर्नका लागि बजेट विनियोजन गरी उक्त एम्बुलेन्स संचालन पश्चात यस पालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य चौकीले रिफर गरेका सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

४. गर्भवती जाँच र खोप कार्यक्रमलाई घुम्ती स्वास्थ्य शिविर मार्फत सेवा प्रदान गरिनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम उपलब्ध गराइनेछ ।

५. विपन्न गरिब महिलाहरुसँग उपाध्यक्ष कार्यक्रम संचालन गरि कार्यान्वयनमा लगिनेछ ।

६. General स्वास्थ्य शिविर संचालन, स्वास्थ्य स्वंयमसेवीका खाजा खर्च वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । महिला स्वास्थ्य स्वंयमसेवीकाहरुका लागि प्रोत्साहन सहित विदाई कार्यक्रम ल्याइनेछ ।

७. यस आ.व. देखि सामुदायिक स्वास्थ्य इकाई केन्द्र डुङ्गेश्वरमा बर्थिङ्ग सेन्टर संचालनमा ल्याईनेछ, साथै गाउँपालिका भित्रका अन्य बर्थिङ्ग सेन्टरहरुलाई व्यवस्थित गरिनेछ ।पालिकाभित्रका आमा समूहको सुदृढीकरण गर्दै थप क्रियाशिल गराइनेछ ।

८. डुङ्गेश्वर गाउँपालिका भित्र रहेका कुपोषित बालबालिकाहरुको पहिचान गर्न अभियान संचालन गरिनेछ र कुपोषित बालबालिकाहरुको उपचार डाँडापराजुल स्वास्थ्य चौकीबाट गर्ने व्यवस्था मिलाइनेछ ।

९. प्रदेश सरकारसँग समन्वय गरी टेलिमेडिसिन (Tele Medicine) सेवा संचालनमा ल्याइनेछ ।महिनावारी स्वच्छता अभियानका कार्यक्रमहरु तय गरी कार्यान्वयन गरिनेछ ।

१०. **"मेरो फोहोर मेरो मोहर"** अभियानलाई घर तथा टोलबस्तिमा सञ्चालन गरिनेछ । आयुर्वेद, योग र प्राकृतिक चिकित्सालाई प्रवर्द्धन गर्न औषधिजन्य गुण भएका जडीबुटीको उत्पादन, प्रशोधन र निर्यातको व्यवस्था मिलाइनेछ ।

❖ **कृषि तथा पशु विकास तर्फः**

१. गत आ.व.मा स्थापना भएका तरकारीबाली पकेट विकास कार्यक्रमको निरन्तरता दिदै आगामी आ.व.मा नयाँ आलुबाली पकेट विकास कार्यक्रम संचालनमा ल्याइनेछ । तकारी र बाख्रापालन पकेट कार्यक्रम संचालनका लागि UNDP सँग साझेदारी गरी कार्यक्रमलाई अगाडि बढाइनेछ ।

२. पशुपालन तथा कृषि उपज उत्पादनको लागि कृषि क्षेत्रविकास कार्यक्रम (ASDP) लगायत अन्य सरोकारवाला साझेदार निकायहरुसँग समन्वय गरी प्रभावकारी बनाइनेछ ।

३. कृषि कार्यमा कृषकहरुलाई आकर्षित गर्नका लागि प्रदेश सरकार र स्थानीय तहको समन्वयमा कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, विविधीकरण र बजारीकरण गर्ने कृषि औजार तथा उपकरण वितरण गर्ने कार्यलाई निरन्तरता दिँदै बजारीकरणका लागि कृषि उपज उत्पादनका आधारमा ढुवानी अनुदान कार्यक्रम थालनी गरिनेछ ।

४. बहुउद्देश्यीय तथा हाइटेक नर्सरी स्थापनाका साथै बाली बिरुवामा देखिने आकस्मिक रोग र किराहरुको व्यवस्थापन गर्न बाली संरक्षण सेवामा जोड दिइनेछ । कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

५. व्यवसायिक रुपमा च्याउखेती तथा मौरी प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषकहरुका लागि स्थलगत घुम्ती तालिम तथा रैथाने बालि र स्थानीय जातका पशु पंक्षी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

६. भू-उपयोग नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ। कृषि योग्य जमिनमा सिचाई सुविधा उपलब्ध गराउनको लागि विभिन्न संघसंस्थाहरुसँगको सझेदारीमा वर्षातको पानी संकलनका साथै लिफ्ट सिचाई कार्यक्रम संचालन गरिनेछ ।

७. जैवीक कृषि प्रणालीलाई प्रोत्साहन गर्दै स्थानहरुको पहिचान गरी फलफूल तथा तरकारी पकेट क्षेत्रलाई थप प्रभावकारी गराइनेछ, साथै अनुदानमा उन्नत तथा हाइब्रिड तरकारीका बिऊ वितरण, रस्टिकस्टोर, सेलार स्टोर र प्लास्टिक टनेलका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

८. पालिकाबासीहरुलाई कृषिमा आत्मनिर्भर उन्मुख बनाउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

९. पशुपालनका लागि घाँस खेतिमा अनुदानको व्यवस्थाका साथै बंधुवा पशुपालनमा प्रोत्साहन गरिनेछ ।

१०. मत्स्य र कुखुरा विकास कार्यक्रम प्रारम्भ गर्नुका साथै पशु नश्ल सुधार (कृत्रिम गर्भाधान) कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

११. पशु पोषण सुधार कार्यक्रम, पशु खोप कार्यक्रम र पशु स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ ।उत्कृष्ट कृषक तथा पशुपन्छी फर्मलाई प्रोत्साहन गर्ने कार्यक्रममा ल्याइनेछ ।

१२. कृषि तथा पशु तर्फ एक वडा एक/एक प्राविधिकको व्यवस्था गरिनेछ ।

१३. सामुदायिक कृषि प्रसार सेवा केन्द्र संचालनमा ल्याइनेछ ।

❖ **<u>सूचना प्रविधि विकास तर्फः</u>**

१. गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई छिटो छिरितो विश्वसनीय गुणस्तरीय प्रविधिमैत्री बनाउन गाउँपालिका र गाउँपालिका मातहतका कार्यालयमा ई-हाजिरी, योजना Software, सिफारिस, परिचय पत्र, र विद्युतीय दर्ता चलानी Software, लागु गरिनेछ ।

२. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि ICT, E- Governance, सम्बन्धी तालिम संचालन गरिनेछ । साथै अन्य तालिम तथा गोष्ठीहरु आवश्यकता अनुसार अनलाईनको माध्यमबाट

सञ्चालन गरिनेछ ।

३. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment- LISA), स्थानीय तह वीत्तीय सुशासन जोखिम मूल्याङ्कन (Fiduciary Risk Assessment-FRA), वित्तीय आयोगको कार्य सम्पादन सूचक अनलाइन पोर्टल तथा अन्य अनलाइन System हरुको मूल्याङ्नलाई व्यवस्थित गर्दै नतिजामुखि बनाइनेछ ।

४. एकीकृत सफ्टवेयर प्रणालीको प्रयोगलाई बढवा गर्दै सम्पूर्ण शाखाको कार्यलाई अन्तर आवद्ध गरी समय समयमा नविनतम प्रविधिहरुको प्रयोग गरी परिमार्जन गर्दै लगिनेछ ।

५. कार्यालयमा नियमित सूचना प्रवाहका लागि डिजिटल वोर्ड (Digital Board) राख्ने ,सामाजिक सञ्जालको उचित प्रयोगलाई बढवा दिनुका साथै वेवसाईटको नियमिति अपडेट गरिने छ । विद्युतीय अपराधहरुको न्यूनीकरणका लागि आवश्यक पहल गरिनेछ ।

६. Digital Profile निर्माण गरी नियमित रुपमा गाउँपालिकाका विभिन्न क्षेत्रका तथ्याङ्कहरु अद्यावधिक गर्दै उपलब्ध तथ्याङ्कहरुको आवश्यकता अनुसार यथोचित उपयोग गरिने छ ।

❖ **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फः**

१. महिला जनप्रतिनिधि र सरोकारवाला निकायहरुका लागि महिलाका कानूनी अधिकार सम्बन्धि तालिम तथा गोष्ठी संचालनमा ल्याइनेछ ।

२. मर्यादित महिनावारी प्रवर्द्धन, छाउपडि र सामाजिक कुरीति विरुद्धमा सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३. अपाङ्गता डेक्स स्थापना गरी अपाङ्गता भएका व्यक्तिहरुका लागि सीपमुलक, आयआर्जन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न कार्यक्रम गरी सम्मान गरिनेछ । अपाङ्गता र समावेशी विकास सम्बन्धि अभिमुखीकरण कार्यक्रम सहित आवश्यक सामग्रीहरु वितरण गरिनेछ ।

❖ **पञ्जीकरण तर्फः**

१. स्थानीय पञ्जीकाधिकारी तथा सहायक कर्मचारीको क्षमता विकासका लागि व्यक्तिगत घटना दर्ता प्रणाली (Vital Event Registration System- Management Information System-VERS MIS) तालिम संचालन गरिनेछ । व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता कार्यक्रमको महत्वका साथै यसका विभिन्न प्रक्रियाहरुका बारेमा विद्यमान कानूनी तथा प्राविधिक परिवर्तनहरु सहितको जनचेतना अभिवृद्धि गरिनेछ ।

२. बैंकसँग समन्वय गरी प्रत्येक वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रयत्न गरिनेछ ।अनलाईन प्रणाली मार्फत व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई नियमित रुपमा व्यवस्थित गरिनेछ ।

३. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी गुनासोलाई गुनासो व्यवस्थापन प्रणाली मार्फत फछ्यौंट गर्ने व्यवस्था मिलाइनेछ ।

४. बाँकी रहेका व्यक्तिगत घटना किताबलाई डिजिटाईजेसन गरिनेछ ।

❖ **न्यायिक विकास तर्फः**

१. भ्रष्टाचार निवारण सम्बन्धि कार्यहरुको न्यूनिकरणमा जोड दिइनेछ ।

२. न्यायिक समितिका सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, तथा अदालत र न्यायिक निकायहरुको अवलोकन भ्रमणका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. समुदायस्तरमा हुने अपराधहरु (बालविवाह, बहुविवाह, घरेलु हिंसा, मानव बेचविखन, छुवाछुत तथा जातिय विभेद, छाउपडी प्रथा, आदि), घरेलु हिंसा पिडित महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई स्थानीय न्यायिक समितिको क्षेत्राधिकार भित्र रही तिनिहरुको हकहित संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

४. मेलमिलापकर्ताहरुको पुनर्ताजकीय तालिम, मेलमिलाप केन्द्र अनुगमन तथा व्यवस्थापन र इजलास व्यवस्थापन गरिनेछ ।

अन्तममा डुङ्गेश्वर गाउँपालिकाको यस ऐतिहासिक गाउँ सभामा पेश भएका नीति तथा कार्यक्रमहरुले गाउँपालिकाको समग्र पक्षलाई समेट्ने प्रयास गरेको छ । आगामी आर्थिक बर्षको बजेट समेत यहि नीति तथा कार्यक्रम कार्यान्वयनको दिशामा केन्द्रित भई तयार हुनेछ । यस गाउँ सभामा पेश गरिएका नीति तथा कार्यक्रमहरु तर्जुमा गर्न सल्लाह सुझाव प्रदान गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, आम डुङ्गेश्वर बासी शुभचिन्तक सरोकारवालाहरु लगायत यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा हौसला प्रदान गरिदिन उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु ।

**धन्यबाद ।**

**सुन्दर कुमार के.सी.**

**गाउँपालिका अध्यक्ष**